नेपाल सरकार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

# राष्ट्रिय बाल अधिकार परिषद्

पुल्चोक, ललितपुर

## २०७८ साउन महिनाको कार्यसम्पादन सम्बन्धी सार्वजनिक जानकारी-पत्र

### वर्ष-२ अंक-१

## १. परिचय

संघीय सरकारले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ५९ ले व्यवस्था गरे अनुरुप बाल अधिकारको संरक्षण र सम्वर्धनका कार्यहरु गर्न गराउनका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका माननीय मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बाल अधिकार परिषद् गठन गरेको छ । यस परिषद्ले तिनै तहका सरकारहरुलाई नीतिगत परामर्श, क्षमता विकासका कार्यक्रमहरु तथा बाल संरक्षण प्रणाली (बाल हेल्पलाइन सेवा १०९८ र बालबालिका खोजतलास सेवा १०४) को सञ्चालन गर्ने कार्य गर्दछ । बाल अधिकारको संरक्षण र सम्वर्धनका लागि प्रदेश तथा स्थानीय सरकारहरुसँग समन्वय, सहकार्य गर्नुका साथै संघीय तहमा अन्तरमन्त्रालय समन्वयका कार्यहरु गर्ने जिम्मेवारी यसै परिषद्को रहेको छ ।

## २. उद्देश्यहरू:


परिषद्को मुख्यमुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

- बालबालिकाको अधिकार तथा हक, हितको संरक्षण र सम्वर्धन गर्ने,
- बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिका लागि आवश्यक नीति, कानून, योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई सुझाव दिने,
- राष्ट्रिय बाल संरक्षण प्रणाली सुदृढ र सवल बनाउन सहजीकरण गर्ने र बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,
- बाल अधिकार संरक्षण तथा प्रवर्धनका लागि सरोकारवालाको क्षमता विकास तथा अभिवृद्धि गर्ने,
- बालबालिका खोजतलास निःशुल्क टेलिफोन नं. १०४ र बाल हेल्पलाइन निःशुल्क टेलिफोन नं. १०९८ को सञ्चालन तथा व्यवस्थापन सहकार्य तथा सहजीकरण गरी हराएका, वेवारिस फेला परेका, जोखिममा परेका बालबालिकाको खोजतलास, उद्धार, संरक्षण तथा व्यवस्थापन गर्ने,
- बाल संरक्षण तथा बाल अधिकार प्रवर्धनका लागि वैदेशिक अनुदान सहायता समेत परिचालन गरी आवश्यकतानुसार कार्यक्रम सञ्चालन गर्ने र प्राथमिकताको आधारमा लक्षित कार्यक्रम तथा अभियान सञ्चालन गर्ने,
- बालबालिकासम्बन्धी सचेतना मूलक सन्देश जागरण अभिवृद्धिको प्रचारप्रसार र प्रकाशन गर्ने,
- बालबालिका सम्बन्धी राष्ट्रिय सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन तथा सुदृढीकरण गर्ने र बालबालिकाको अवस्था तथा बाल अधिकार सम्बन्धी राष्ट्रिय स्थिति प्रतिवेदन वार्षिक रूपमा प्रकाशन गर्ने ।

## ३. परिषद्ले २०७८ साउन महिनामा सम्पादन गरेका कार्यहरू

### बालसंरक्षण सम्बन्धी कार्यहरू

(क) परिषद्ले बालबालिका खोजतलास समन्वय केन्द्र नं. १०४ मार्फत देशभर यस महिनामा हराएका, उजुरी परेका २९४ जना (बालक ७१ र बालिका २२३) जना बालबालिकाको खोजतलास गरी १५५ जना (बालक ३४ र बालिका १२१) बालबालिका फेला पारी परिवारमा पुनर्मिलन गरिएको छ भने १३९ जना बालबालिका (बालक ३७ र बालिका १०२)को खोजतलास कार्य जारी रहेको छ । यस महिनामा प्रदेशगत रूपमा हराएका र हराएर फेला परेका बालबालिकाको विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । त्यसैगरी वेवारिस अवस्थामा ३१ जना (बालक २० र बालिका ११) बालबालिका फेला परेका थिए । जसमध्ये १८ (बालक ११ र बालिका ७) जना बालिकालाई पारिवारिक पुनर्मिलन गरिएको छ भने १३ (बालक ९ र बालिका ४)जना बालबालिकालाई अस्थायी संरक्षण सेवा प्रदान गरिएको छ ।




(ख) यस महिनामा १९ (बालक १५ र बालिका ४)जना सडक बालबालिकाको उद्धार गरिएको छ । उद्धार गरिएका सबै बालबालिकालाई संस्थागत संरक्षणमा राखिएको छ भने गत आर्थिक वर्षमा सडकबाट उद्धार गरिएका बालबालिका मध्ये ७ जना बालबालिकालाई साउन महिनामा परिवारमा पुनर्मिलन गरिएको छ ।

(ग) परिषद्‌ले विभिन्न १२ वटा सामाजिक संस्थाको सहकार्यमा सञ्चालित १८ वटा स्थानबाट बाल हेल्पलाईन नं. १०९८ मार्फत जोखिममा परेका बालबालिकाको उद्धार, व्यवस्थापन तथा सहयोग हुँदै आइरहेको छ । जस अनुसार बाजुरा १, बाकेँ ३, बारा ६, सुनसरी २, मोरङ्ग ५, कास्की २, मकवानपुरबाट ९, काठमाडौंबाट १८, कैलाली ६, कालिकोटबाट ३, इलाम ३ र संखुवासभा ४ जना गरी कूल ६२ जना (बालक १७ र बालिका ४५) जोखिम, हिंसा तथा दुर्व्यवहारमा परेका बालबालिकाको उद्धार गरी संरक्षण व्यवस्थापन गरिएको छ । उद्धार गरिएका मध्ये ३१ बालबालिका (बालक ११ र बालिका २०)लाई परिवारमा पुनर्मिलन गरिएको छ । यस महिना २६ जना (बालक ६ र बालिका २०)लाई अस्थायी संरक्षण सेवा केन्द्रमा राखिएको छ भने ५ जना बालिकालाई संस्थागत संरक्षणमा बस्ने व्यवस्था मिलाईएको छ । चालु आ.व.को श्रावण मसान्तसम्म कुल ५६६ जना बालबालिका (बालक २२१ र बालिका ३४५)लाई निम्न लिखित सेवाहरू प्रदान गरिएको छः-

| क्र.स. | सहयोगको विवरण | बालक | बालिका | जम्मा |
|---|---|---|---|---|
| १ | स्वास्थ्य उपचार सहयोग | ७ | २८ | ३५ |
| २ | मनोसामाजिक मनोविमर्श | ४० | ९० | १३० |
| ३ | पारिवारिक परामर्श | ११२ | ९७ | २०९ |
| ४ | अल्पकालिन आश्रय वा अस्थायी संरक्षण सेवा | ११ | २४ | ३५ |
| ५ | कानूनी परामर्श | १० | ४१ | ५१ |
| ६ | शैक्षिक सहयोग | १२ | २९ | ४१ |
| ७ | आयआर्जन सहयोग | ० | ० | ० |
| ८ | बाल विवाह रोकथाम सहयोग | ४ | ७ | ११ |
| ९ | अन्य सहयोग | २५ | २९ | ५४ |
| | जम्मा | २२१ | ३४५ | ५६६ |

(घ) साउन महिनामा काठमाडौं उपत्यका भित्रका ललितपुर महानगरपालिका, बुढानीलकण्ठ नगरपालिका र काभ्रे जिल्लामा सञ्चालित १० वटा बालगृहको स्थलगत अनुगमन गरी ती बालगृहमा संरक्षित १७९ (बालक ९७ र बालिका ८२)जना बालबालिकाको अवस्था अनुगमन गरिएको थियो । जसमध्ये मापदण्ड विपरित सञ्चालनमा रहेका ६ बाल गृहका ८० (बालक ३३ र बालिका ४७)जना बालबालिकालाई परिवारमा पुनर्मिलन गराउन अनुरोध गरिएका मध्ये १३ जना बालबालिकालाई पारिवारिक पुनर्स्थापना गरिसकिएको र परिवार तथा अभिभावक भएका बालबालिकालाई पारिवारिक लेखाजोखा गरी परिवारमा नै पुनर्स्थापना गर्ने कार्य जारी रहेको छ । परिषद्‌को समन्वयमा यस श्रावण महिनामा १० वटा बालगृहका ४५ जना बालबालिका परिवारमा पुनर्स्थापना गरिएको छ भने २ जना बालकलाई अस्थायी संरक्षण गृहमा आवश्यक संरक्षणका लागि पठाईएको छ ।

(ङ) मिति २०७८।०४।२२ गते मोरङ्ग जिल्लाको बेलवारी नगरपालिकाकी वर्ष १४ की बालिका विगत १ वर्ष अगाडि भारतको रक्सौल स्थित मोतिहारीमा सर्कसमा काम गर्ने गरी पुर्याएको खवर बालहेल्पलाईन नं.१०९८ मोरङ्गमा प्राप्त भए पश्चात राष्ट्रिय बाल अधिकार परिषद्‌को समन्वयमा बेलवारी तथा सुन्दरहरैचा नगरपालिका, नेपाल प्रहरी, बालहेल्पलाइन १०९८ मोरङ्ग र माईती नेपाल विरगञ्जको सहकार्यमा रकसौल स्थित रेलवेबाट उद्धार गरिएको छ ।

(च) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय बाल अधिकार परिषद्‌द्वारा अनुमती प्राप्त बाल हेल्पलाइन नम्बर १०९८ इलामबाट पाँचथर जिल्ला फिदिम नगरपालिका वडा नं. १ कात्तिके क्षेत्रमा मिति २०७८ श्रावण ५ गतेदेखि परेको अविरल वर्षाका कारण पहिरोबाट विस्थापित भएका बालबालिकाको खानपान र पालनपोषणका लागि खाद्यान्नको अभाव भएको भनि सहयोगको लागि अनुरोध भएको हुँदा ६ घरपरिवारका १२ जना बालबालिका लाभान्वित हुनेगरी खाद्यान्न सामग्री सहयोग गरिएको छ । सहयोग कार्यक्रम सम्बन्धित क्षेत्रमा पुगेर वडा अध्यक्ष गजाधर भट्टराई र वडा सदस्य बालानन्द अधिकारी मार्फत बाल हेल्पलाईन इलामका प्रमुख भक्त बहादुर थामी, घटना व्यवस्थापन अधिकृत मनकुमार बराईलीले हस्तान्तरण गर्नुभएको हो ।



## ४. समन्वय, अभिमूखीकरण तथा क्षमता अभिवृद्धि सम्बन्धी कार्यहरू

(क) मिति २०७८।०४।१२ गते बाल हेल्पलाईन नं १०९८ संखुवासभाको आयोजना र राष्ट्रिय बाल अधिकार परिषद्को सहजीकरणमा बाल हेल्पलाइनको समीक्षा तथा सरोकारवालासँग छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नेपाल प्रहरीको बालबालिका सेवा केन्द्र, खाँदवारी नगरपालिका, नेपाल बाल संगठनका पदाधिकारीहरु र सरोकारवालाहरु गरी २६ जनाको सहभागिता रहेको थियो ।



(ख) मिति २०७८ साउन २२, २३, २४ र २५ गते राष्ट्रिय बाल अधिकार परिषद्को आयोजनामा बालबालिका खोजतलास समन्वय केन्द्र १०४ र अस्थायी संरक्षण सेवा प्रदायक संघ सस्थामा कार्यरत व्यवस्थापक, मनोविमर्शकर्ता, सामाजिक कार्यकर्ताहरु समेत गरी ८० जनाको सहभागितामा घटना व्यवस्थापन तथा मनोविमर्श सेवा सम्बन्धी २ दिनको क्षमता अभिबृद्धि तालिम कार्यक्रम सम्पन्न भएको छ । परिषद्का कार्यकारी निर्देशक मिलनराज धरेलले सहभागीहरुको जिज्ञासा तथा सुझावहरुको सम्बोधन गर्दै बाल संरक्षण प्रणाली स्थापना सञ्चालन प्रभावकारितामा जोड दिदै परिषद्को कार्ययोजना बारे प्रकाश पार्नु भयो । विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार, संरक्षण पारिवारिक लेखाजोखा र पुनर्मिलनमा यस कार्यक्रमले उल्लेखनीय सहयोग मिल्ने अपेक्षा रहेको छ ।



(ग) मिति २०७८/४/२१ गते राष्ट्रिय बाल अधिकार परीषद्का कार्यकारी निर्देशक श्री मिलनराज धरेलज्यूको अध्यक्षतामा नेपाल भारतको सिमा लगायतका क्षेत्रमा बेवारिसे र अलपत्र अवस्थामा फेला परेका, कानून विपरित बेचबिखन तथा ओसारपसारमा परेका नेपाली बालबालिकाको उद्धार संरक्षण, स्वदेश फिर्ती, पारिवारिक पुनर्मिलन र सहयोग लगायतको बारेमा छलफल भएको थियो । कार्यक्रममा कार्यकारी निर्देशक मिलनराज धरेल, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उप-सचीवद्वय शान्तिराज प्रसाईं र मिना पौडेलज्यूले कार्यक्रममा उठेका सवाल र आगामी कार्यदिशा बारे सम्बोधन गर्नुभएको थियो । मानव बेचबिखन विरुद्ध कार्यरत विभिन्न संस्था एवम् सञ्चालका प्रतिनिधिहरुले आ-आफ्नो धारणा र सुझाव सहित सहकार्य र निरन्तरताका लागि प्रतिबद्धता समेत व्यक्त गर्नुभएको थियो । छलफलबाट भारतका विभिन्न स्थानमा बेवारिस र अलपत्र रहेका नेपाली बालबालिकाको उद्धार संरक्षणमा उल्लेखनीय सहयोग मिल्ने अपेक्षा राखिएको छ ।




(घ) मिति २०७८ साउन २०,२१ र २२ गते जिल्ला समन्वय समिति, काठमाडौं र भक्तपुरको आयोजना, राष्ट्रिय बाल अधिकार परिषद्को समन्वय तथा सहजीकरण र वल्ड भिजन इन्टरनेशनल नेपाल/बाल विकास समाजको व्यवस्थापनमा बालबालिका सम्बन्धी ऐन, २०७५ का व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयन सम्बन्धी जिल्लास्तरीय अन्तर्क्रिया गोष्ठी सम्पन्न भएको छ ।गोष्ठीमा जिल्ला समन्वय समिति तथा १ महानगरपालिका, १४ वटा नगरपालिकाका प्रमुख, उप-प्रमुख, परिषद्का कार्यकारी निर्देशक, जिल्ला समन्वय अधिकारी, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास महाशाखा प्रमुख, स्थानीय बाल अधिकार समितिका संयोजक, विधायन समितिका संयोजक, परिषद्का कर्मचारी र पत्रकार गरी १३० जनाको सहभागिता रहेको थियो।गोष्ठीमा बालबालिका सम्बन्धी ऐन, २०७५

बमोजिमका व्यवस्थाहरू स्थानीय तहमा कार्यान्वयनका लागि १० बुँदे प्रतिवद्धता समेत जारी भएको थियो।




(ङ) मिति २०७८।०४।२९ गते प्रदेश नं.१ मा सञ्चालनमा रहेका बालहेल्पलाईन नं.१०९८ को आ.व.२०७७।०७८ को वार्षिक समीक्षा वैठक राष्ट्रिय बाल अधिकार परिषद्का कार्यकारी निर्देशक श्री मिलनराज धरेलज्यूको अध्यक्षतामा सम्पन्न भयो । उक्त समीक्षा वैठकमा बालहेल्पलाईन सञ्चालन संस्थाहरुले वार्षिक प्रगति प्रस्तुतीकरण गर्नुभएको थियो । कार्यक्रममा बालहेल्पलाईन सञ्चालन भएका स्थानीय तहका उपप्रमुख, बालबालिका शाखाका प्रमुख, सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखाका प्रमुख, तथा बालबालिका शाखाका प्रमुख सहित २८ जनाको सहभागिता रहेको थियो ।




(च) मिति २०७८।०४।२५ गते मानव बेचबिखन तथा ओसारपसार सम्बन्धी घटनाको सम्बन्धमा बेलबारी ईलाका प्रहरी कार्यालय तथा सुन्दर हरैचा नगरपालिकामा राष्ट्रिय मानव अधिकार आयोग प्रदेश कार्यालय विराटनगर, बालहेल्पलाईन नं १०९८ मोरङ्ग र राष्ट्रिय बाल अधिकार परिषद् बाट संयुक्त अनुगमन गरी छलफल गरियो ।



(छ) मिति २०७८।०४।२७ का दिन कोभिड–१९ को पहिलो र दोश्रो लहरका कारण बालबालिकामा परेको प्रभाव र तेश्रो लहर समेत आउन सक्ने सम्भावनालाई मध्येनजर गरी बालबालिकामा हुनसक्ने संक्रमणको न्यूनीकरण, पूर्वतयारी र संक्रमणको अवस्थामा समस्याको यथाशिघ्र सम्बोधन गर्न सहयोग पुऱ्याउने उद्देश्यले सरकारी तथा गैरसरकारी सम्बद्ध सरोकारवालासँग भर्चुअल माध्यमबाट राष्ट्रिय बाल अधिकार परिषद्ले विविध विषयमा छलफल सम्पन्न गरेको छ । परिषद्का सदस्य एवम् नागरिक संगठन समन्वय उपसमितिका संयोजक श्री इन्दिरा योञ्जनज्यूको अध्यक्षतामा सम्पन्न कार्यक्रममा परिषद्का कार्यकारी निर्देशक श्री मिलनराज धरेलज्यूले कार्यक्रमको औचित्यता माथि सम्बोधन गर्नुभएको थियो भने स्वास्थ्य सेवा विभाग, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक श्री कृष्णप्रसाद पौडेलज्यूले कोभिड संक्रमित बालबालिकाको उपचारको पद्धति र अवस्थाका बारेमा प्रकाश पार्नु भएको थियो । विभिन्न क्षेत्रमा क्रियासिल ४८ जनाको सहभागिता रहेको यस कार्यक्रममा सम्बन्धित क्षेत्रका विज्ञहरूले कोभिड र बालबालिकाको विषयमा आ-आफ्नो धारणा व्यक्त गर्नुभएको थियो ।






(ज) परिषद्ले सञ्चालन गरेको अनुशिक्षण पश्चात र निरन्तर पालिकाको आफ्नो प्रयासमा हालसम्म बाल अधिकारको कार्यन्वयनका लागि १८६ (प्रदेश नं. १ मा ६३, प्रदेश नं. २ मा १५, बागमति प्रदेशमा ६५, गण्डकी ८, लुम्बिनीमा १४, कर्णाली प्रदेशमा १५ र सुदूरपश्चिममा ६) वटा स्थानीय तहमा बाल संरक्षण कार्यविधि निर्माण गरी लागू गरिएको छ। यसैगरी १३० (प्रदेश नं.


१ मा २४, प्रदेश नं. २ मा ११, कर्णाली प्रदेशमा १६, बागमति प्रदेशमा ५६, गण्डकीमा ८, लुम्बिनी प्रदेशमा ८ र सुदूरपश्चिममा ७) वटा स्थानीय बाल अधिकार समिति गठन भएको छ । यसका साथै ५१ (प्रदेश नं. १ मा ७, प्रदेश नं. २ मा ७, बागमति प्रदेशमा १९, लुम्बिनी प्रदेशमा ४, गण्डकी ३, कर्णाली प्रदेशमा ९ र सुदूरपश्चिममा २) वटा स्थानीय तहमा बालकल्याण अधिकारी तोक्ने तथा नियुक्त गर्ने कार्य भएको छ भने विभिन्न विपद् र महामारीमा आपतकालीन उद्धार तथा सहायता प्रदान गर्नका लागि १४१ (प्रदेश नं. १ मा २७, प्रदेश नं. २ मा ७, बागमती प्रदेशमा ६३, गण्डकी प्रदेशमा ४, लुम्बिनी प्रदेशमा ९, कर्णाली प्रदेशमा ११ र सुदूरपश्चिममा ९) वटा स्थानीय तहमा बालकोष निर्माण गरी आवश्यकता अनुसार परिचालन भएको छ ।

### ५. कोभिड महामारी सम्बोधनका क्रममा सञ्चालित विशेष कार्यक्रम

क) कोभिड—१९ को महामारी शुरू भएदेखि २०७७ साउन ३२ गतेसम्म २० वर्षसम्मका ६९ हजार ५ सय ९४ जना बालबालिका (किशोरकिशोरी) प्रभावित भएको देखिएको छ भने १० वर्षसम्मका १७ हजार ९ सय २ जना बालबालिका (बालक १०४१३ र बालिका ७४८९) प्रभावित भएको देखिन्छ । कोभिडको पहिलो भेरियन्टका कारण ३८ जना र दोस्रो भेरियन्टका कारण ४५ गरी जम्मा ८३ जना बालबालिकाको कोभिडका कारण ज्यान गुमाउनु परेको छ । कोभिडका कारण प्रभावित बालबालिकाको तथ्याङ्क तलको ग्राफमा प्रस्तुत गरिएको छ ।





## सूचना व्यवस्थापन तथा प्रतिवेदन सम्बन्धी

(क) परिषद्ले सञ्चालन गरिरहेको बालबालिका सम्बन्धी ई-पोर्टल र विभिन्न पत्रपत्रिकामा प्रकाशनमा आएका ५० वटा बालबालिका सम्बन्धी समाचारहरू अद्यावधिक गरी सोको विश्लेषण गरिएको छ । यस सम्बन्धी विवरण तलको ग्राफमा प्रस्तुत गरिएको छ । यस अवधीमा विभिन्न सञ्चार माध्यममा आएका बालबालिकाको अधिकार उल्लंघन तथा हिंसा एवं जोखिम सम्बन्धी समाचारहरूको आधारमा परिषद्ले सम्बन्धित निकायहरूसँगको समन्वयमा आवश्यकता अनुसार स्थानीय तह, प्रहरी प्रशासन, बाल हेल्पलाइन १०९८, बालबालिका खोजतलास केन्द्र (१०४), श्रम कार्यालय लगायतका सरोकारवाला निकायसँग समन्वय गरी घटना व्यवस्थापनमा सहजीकरण गरिएको छ ।




***राष्ट्रिय बाल अधिकार परिषद्को बालबालिका सम्बन्धी नीतियोजना तथा सञ्चालित , ,कार्यक्रमहरूको बारेमा थप सूचना जानकारीको लागिपरिषद्मा कार्यालय समयमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ।***

रामबहादुर चन्द
सूचना अधिकारी
राष्ट्रिय बाल अधिकार परिषद्
सम्पर्क नं (कार्यालय) ५५५०१२१-०१ .
९८४१३८६८७१ म)ो(.
इमेलः- ram@ncrc.gov.np, rambdrchand@gmail.com, contact@ncrc.gov.np
वेवसाइटः-www.ncrc.gov.np,
ई-पोर्टलः- www.childrights.gov.np
Facebook:-
https://www.facebook.com/ncrc.nepal.5,
https://www.facebook.com/ncrcnepalgov
Twitter:- https://twitter.com/ChildNcrc